नेपाल सरकार

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

# भूमि व्यवस्थापन तथा अभिलेख विभाग

(कर्मचारी प्रशासन शाखा)

प.सं. : क.प्र.१.३/२०७७/०७८ च.नं. २३ बबरमहल, काठमाण्डौं।

मितिः- २०७७।०४।०६

श्री भूमिसुधार तथा मालपोत कार्यालय, सबै ।

श्री मालपोत कार्यालय, सबै ।

**विषयः स्थानीय तहका कर्मचारीलाई जग्गा प्रशासन सम्बन्धि जानकारी तथा अभिमुखिकरण गर्ने सम्बन्धमा ।**

उपर्युक्त सम्बन्धमा चालु आ.व. को निति, कार्यक्रम तथा बजेट वक्तव्यमा हाल मालपोत कार्यालहरुबाट प्रदान भईरहेका जग्गा प्रशासन सम्बन्धी केही सेवाहरु स्थानीय तहमा क्रमशः हस्तान्तरण गरिने भनि उल्लेख भएको व्यहोरा अवगत नै छ। सोही बमोजिम स्थानीय तहमा जग्गा प्रशासन सम्बन्धी सेवा हस्तान्तरण गर्ने तयारी स्वरुप आवश्यक कानून तथा कार्यविधिको तर्जुमा भईरहेको छ। जग्गा प्रशासन सम्बन्धी कार्य कानूनी, प्राविधिक र कार्यविधिगत रुपमा अत्यन्त जटिल तथा संवेदनशील विषय भएकोले स्थानीय तहमा सो सम्बन्धी सेवा हस्तान्तरण गर्नुपूर्व नै स्थानीय तहमा जग्गा प्रशासन सम्बन्धी काम कारवाहीको ज्ञान भएका जनशक्ति तयार हुन अति आवश्यक रहन्छ। यस प्रकारको तयारीले निकट भविष्यमा स्थानीय तहबाट प्रवाह हुने जग्गा प्रशासन सम्बन्धी कार्यलाई शुरुवाती चरणबाटै व्यवस्थित, प्रभावकारी र विवादरहित बनाउन सहयोग पुग्ने देखिन्छ। अतः उपरोक्त सन्दर्भमा जग्गा प्रशासन सम्बन्धी सेवाहरु स्थानीय तहमा हस्तान्तरण गर्ने कार्यको तयारी स्वरुप हालको लागि देहाय बमोजिम गर्नु गराउनु हुन जानकारी गराउँदछु।

१. तहाँको कार्यक्षेत्र भित्र पर्ने स्थानीय तहलाई पत्राचार गरी जग्गा प्रशासन सम्बन्धि काम सिक्ने प्रयोजनको लागि केही कर्मचारीहरुलाई मालपोत कार्यालयमा खटाई पठाउन अनुरोध गर्ने ।

२. यसरी खटिई आउने कर्मचारीहरुलाई मालपोत कार्यालयहरुबाट हुने दैनिक सेवा प्रवाहमा संलग्न गराई सिक्ने र जान्ने अवसर प्रदान गर्ने ।तर यसरी खटिई आएका कर्मचारीले आधिकारीक कागजातमा हस्ताक्षर गर्न नमिल्ने ।

३. स्थानीय तहको संख्या हेरी एक स्थानीय तहबाट एक पटकमा तीन जना सम्म कर्मचारी लिन सकिने। सोभन्दा बढी लिनुपर्ने अवस्थामा सम्बन्धित कार्यालय प्रमुखले नै निर्णय गर्ने ।

४. एक महिनामा कर्मचारीलाई आलोपालो खटाउने व्यवस्था गर्न सकिएमा छोटो समयमा धेरै कर्मचारीलाई जग्गा प्रशासन सम्बन्धी ज्ञान दिलाउन सकिने ।

२०७७।४।६

(शेषनारायण पौडेल)

महानिर्देशक

**बोधार्थः**

श्री स्थानीय तहहरु, सबैः उपरोक्त बमोजिम सम्बन्धित भूमिसुधार तथा मालपोत कार्यालयहरुमा तहाँबाट केही संख्यामा कर्मचारीहरु खटाई सेवा हस्तान्तरण कार्यमा सहयोग गर्नु हुन अनुरोध छ ।

Mail भयो



महानिर्देशकः ४२२३०४९, निर्देशक प्रशासनः४२२५९८२, निर्देशक योजनाः४२२६९८८, क.प्र.शाखाः४२६६४९३, आ.प्र.शाखाः४२६६४९३,
फ्याक्सः ०१-४२३०५८५ Email: padmin@dolma.gov.np website: www.dolrm.gov.np